# नेपाल तामाङ राष्ट्रिय महासंघ
## विधान - २०५९

### प्रस्तावना :
सम्पूर्ण तामाङ जातिको हक, हित, भाषा, साहित्य, धर्म, संस्कृति, संस्कार लिपिको वैज्ञानिक तवरबाट विश्लेषनात्मक रुपमा खोज, अनुसन्धान र संरक्षण एवं सम्बर्द्धन गर्नको लागि अगाडि देखिनै आ-आफ्नो सामाजिक संघ, संस्था निर्माण गरि क्रियाशिल रहँदै आएको संघ, संस्था एवं व्यक्तिहरुलाई समन्वय गर्दै तामाङ जातिलाई हरेक क्षेत्रबाट अगाडि बढ्न तामाङ जाति बिच भावनात्मक एकता र पारस्परिक सहयोग पुऱ्याउदै अन्य जाति तथा जनजाति संघ/संस्था एवं व्यक्तिहरुसँग सुमधुर सम्बन्धको विकास गरि समाज र देश विकासमा बाञ्छनीय भएकोले यो विधान तर्जुमा गरिएको छ ।

**भाग - १**

### १. नाम र प्रारम्भ :
क) यस संस्थाको नामः नेपाल तामाङ राष्ट्रिय महासंघ रहनेछ । संक्षिप्तमा ने.ता.रा.म. भनिनेछ । अंग्रेजीमा **NepalTamang National Federation** भनिनेछ । संक्षिप्तमा **NTNF** भनिनेछ ।

ख) यस विधान सम्बन्धित निकायबाट दर्ता भएको मितिदेखि प्रारम्भ भई लागू हुनेछ ।

### २. परिभाषा :
विषय शब्द वा भावले अर्को अर्थ नलागेमा यस विधानमाः

क) 'विधान' भन्नाले नेपाल तामाङ राष्ट्रिय महासंघ २०५९ को विधान मानिनेछ ।

ख) 'संस्था' भन्नाले नेपाल तामाङ राष्ट्रिय महासंघ सम्झनु पर्दछ ।

ग) 'पदाधिकारी' नेपाल तामाङ राष्ट्रिय महासंघको कार्य समितिका सबै पदाधिकारी तथा सदस्यहरु समेतलाई जनाउँदछ ।

घ) 'नेपाल तामाङ राष्ट्रिय महासंघ' भन्नाले विधान अनुसार दर्ता हुने संस्थाको नाम बुझिने छ ।

ङ) सदस्य भन्नाले नेपाल तामाङ राष्ट्रिय महासंघको सम्पूर्ण सदस्य बुझ्नुपर्छ ।

### ३) कार्य क्षेत्र :
नेपाल अधिराज्य भरि हुनेछ । स्वदेशी तथा विदेशी संघ/संस्थाहरुसँग समन्वय गरी आवश्यकीय ठाउँमा शाखा खोली कार्य गरिनेछ ।

### ४)कार्यालय :
केन्द्रीय कार्यालय काठमाडौ उपत्यकामा रहनेछ र शाखा कार्यालयहरु आवश्यकीय ठाउँमा हुनेछ ।

### ५) संस्था :
नेपाल तामाङ राष्ट्रिय महासंघ, नेपाल अधिराज्य भरिको तामाङहरुको एक मात्र महासंघ हुनेछ ।

### ६) छाप :
यस नेपाल तामाङ राष्ट्रिय महासंघको छाप गोलाकार डम्फू भित्र कमलको फूलमाथि बुद्धको प्रतिमा लोगो अंकित हुनेछ ।

### ७) झण्डा :
यस महासंघको झण्डा बुद्धको बीच भागमा नीलो कपडा माथि नेपाल तामाङ राष्ट्रिय महासंघको छाप अंकित हुनेछ ।

भाग - २

## ८) उद्देश्य :

नेपाल सरकारको सम्बन्धित निकायको पूर्व स्वीकृति लिई प्राप्त निर्देशानुसार गर्ने गरि यस संस्थाको मूख्य उद्देश्यहरु निम्नानुसार छन् : -

**क**) सम्पूर्ण तामाङहरुलाई हरेक क्षेत्रबाट अगाडी बढ्न र तामाङ जातिको हक, हित र अधिकारको निम्ति आ-आफ्नो संघ/संघसंस्थाहरुबाट क्रियाशिल रहँदै आएको विभिन्न सामाजिक संघ/संस्थाहरुलाई समन्वय गरि कार्य गर्ने ।

**ख**) विभिन्न तामाङ संघ/संस्थाहरुलाई संस्थागत विकासमा सघाउ पु¥याउने र तिनिहरुलाई क्रियाशील गराई राख्न प्रयत्नरत रहने ।

**ग**) तामाङहरुको भाषा, लिपी, साहित्य, कला, धर्म, संस्कृति, संस्कार, ईतिहास जस्ता विषयमा अध्ययन, अनुसन्धान गरि संरक्षण एवं सम्बर्द्धन गर्नको निम्ति विविध माध्यमबाट प्रकाशन तथा प्रचार-प्रसार जस्ता अन्य कार्यक्रमहरु संचालन गर्ने ।

**घ**) तामाङ समुदायको शैक्षिक, बौद्धिक, शारीरिक, आर्थिक तथा सामाजिक अभिवृद्धिको लागि कार्य गर्ने ।

**ङ**) पिछडिएका तामाङ जातिलाई सचेत बनाउने कार्यको लागि जनचेतना कार्यक्रमहरु संचालन गर्ने ।

**च**) समाजमा रहेका विद्यमान विकृतिहरु चेलिबेटी बेचविखन गर्ने, सामाजिक अपराधहरुको विरुद्ध जनचेतना कार्यक्रम व्यापक रुपमा संचालन गर्ने र गर्न लगाउने ।

**छ**) विश्वका जुनसुकै क्षेत्रमा जाति, भाषा, धर्म, लिङ्ग, वर्ण आदिको आधारमा हुने वा गरिने भेदभावपूर्ण व्यवहारको विरुद्धमा ऐक्यवद्धता जनाउदै विश्व भातृत्वका निम्ति प्रयत्नरत रहने ।

**ज**) समान उद्देश्य भएका राष्ट्र भित्र वा बाहिरका जातिय संघ/संस्थाहरुसँग आवश्यक सम्पर्क बढाई सबै सँग मिलेर साझा एवं बृहत हितका लागि कार्य गर्ने ।

**झ**) जातिय उत्थानको साथै राष्ट्र उन्नतिको निम्ति हातेमालो गर्दै कार्य गर्ने ।

**ञ**) तामाङ समुदायभित्र रहेका बालबालिका, महिला तथा बृद्धहरु साथै असाहय, अशक्त व्यक्तिहरुलाई हरतरहले सहयोग गर्ने गराउने ।

**ट**) मानव अधिकारको घोषणा पत्र, नागरिक एवं राजनैतिक अधिकार तथा आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार प्राप्तिको लागि राज्य सरकारसँग प्रयत्न गर्नुको साथै अन्तराष्ट्रिय श्रम संगठनको महासन्धि १६९ र संयुक्त राष्ट्र संघले आदिवासी/जनजातिहरुको अधिकार सम्बन्धि तयार गरेको मस्यौदा घोषणा-पत्र माथि समर्थनको लागि कार्य गर्ने ।

**ठ**) नेपाल तामाङ राष्ट्रिय महासंघको उद्देश्य प्राप्तिको निम्ति अन्य कार्यहरु गर्ने ।

**ड**) चेतनामुलक ऐतिहासिक बृत्तचित्रहरु तथा चलचित्रहरु बनाउन सक्नेछ ।

भाग-३

## ९.सदस्यता सम्वन्धि व्यवस्था :

१. क) संस्थापक सदस्य
   ख) संस्थागत सदस्य
   ग) सक्रिय सदस्य
   घ) साधारण सदस्य
   ङ) आजीवन सदस्य
   च) मानार्थ सदस्य
   छ) सल्लाहकार सदस्य

## २. सदस्यताको योग्यता :

**क)** संस्थापक सदस्य कुनै पनि कसुर नभएको, प्रतिष्ठित तामाङ व्यक्ति हुनुपर्ने छ ।

**ख)** संस्थागत सदस्य बन्नको लागि निम्न योग्यता वा प्रक्रिया पूरा हुनुपर्ने :-

१. तामाङ जातिय उत्थानको निम्ति खोलिएको कुनैपनि संस्थाले मात्र सदस्यता प्राप्त गर्न सक्नेछ ।

२. सदस्यता लिन चाहने संस्थाले मात्र सदस्यता प्राप्तिको लागि आवश्यक दस्तुर सहित नेपाल तामाङ राष्ट्रिय महासंघ समक्ष आवेदन दिनु पर्नेछ ।

३. नयाँ सदस्यता लिन चाहने संस्थाको निवेदन माथिको छानविन कार्य समितिले गर्नेछ त्यो नै अन्तिम र मान्य हुनेछ ।

**ग)** सक्रिय सदस्य बन्न चाहने व्यक्तिले तामाङ समुदायमा कम्तिमा एक वर्ष कुनै पनि माध्यमबाट सेवा गरेको हुनु पर्नेछ ।

**घ)** साधारण सदस्यता कुनै पनि तामाङ व्यक्तिले आफुलाई तामाङ समुदायको निम्ति संस्थाको माध्यमबाट सेवा गर्न चाहेमा, आवेदन दिएमा ।

**ङ)** आजीवन सदस्यता नेपाल तामाङ राष्ट्रिय महासंघलाई उल्लेखित रुपमा सहयोग पुऱ्याएमा नेपाल तामाङ राष्ट्रिय महासंघले आजीवन सदस्यता प्रदान गर्नेछ ।

**च)** मानार्थ सदस्यता नेपाल तामाङ राष्ट्रिय महासंघलाई उल्लेखित रुपमा सहकार्य गर्ने, सहयोग पुऱ्याउने व्यक्ति वा संघ/संस्थालाई प्रदान गर्न सक्नेछ ।

**छ)** नेपाल तामाङ राष्ट्रिय महासंघले आवश्यकिय व्यक्तिलाई सल्लाहकार सदस्य प्रदान गर्नेछ ।

## ३.शुल्क :

सदस्यता शुल्क निम्न बमोजिम हुनेछ ।

- आजीवन सदस्य रु. ५,०००/-
- संस्थागत सदस्य रु. १,०००/-
- संस्थागत सदस्य वार्षिक नविकरण रु. २००/- बार्षिक
- सक्रिय सदस्य रु. २५०/- बार्षिक
- सक्रिय सदस्य वाषिक नविकरण रु. ५०/-
- साधारण सदस्य रु. १२०/-
- साधारण सदस्य वार्षिक नविकरण रु.२५/-

## ४. सदस्यता समाप्ति :

निम्न लिखित कार्यहरु गरेमा वा भएमा सदस्यता समाप्ति हुनेछ :

क) नेपाल तामाङ राष्ट्रिय महासंघको उद्देश्य विपरित काम गरेमा,

ख) संस्थापक सदस्यहरुको हकमा संस्था रहुन्जेलसम्म सदस्यता रहि रहनेछ तर स्वयम् व्यक्ति बस्न नचाहेमा, मृत्यु भएमा, मानसिक सन्तुलन ठिक नभएमा, संस्थाको उद्देश्य विपरित कार्य गरेमा कार्य समितिले कारवाही गर्न सक्नेछ ।

ग) १. संस्थागत सदस्यले आफू बस्न नचाहेमा कारण सहित उल्लेख गरि आवेदन दिनुपर्नेछ । त्यसको छिनोफानो कार्यसमितिले गर्नेछ । त्यो नै अन्तिम र मान्य हुनेछ ।

२. नविकरण नगरेमा

घ) सक्रिय सदस्य र साधारण सदस्यले समयमा नै नविकरण नगरेमा ।

ङ)	अन्य मानार्थ, आजीवन र सल्लाहकारको हकमा मृत्यु भएमा, मानसिक सन्तुलन ठीक नभएमा र संस्थाले आवश्यक नठानेमा ।

**भाग -४**

## १०. महाधिवेशन :

क)	नेपाल तामाङ राष्ट्रिय महासंघको महाधिवेशन प्रत्येक ३ वर्षमा हुनेछ ।
ख)	महाधिवेशनमा संस्थापक सदस्यहरु, संस्थागत प्रतिनिधि, सचिवालय सदस्यहरु र जिल्ला शाखा प्रतिनिधिहरु सहभागी रहनेछ ।
ग)	सल्लाहकार सदस्यले महाधिवेशनमा पर्यवेक्षकको रुपमा भूमिका निभाँउन पाउनेछ ।
घ)	महाधिवेशन महासंघको सर्वोच्च अंग हुनेछ ।

## ११. गणपूरक संख्या :

५१ प्रतिशत प्रतिनिधिहरुको उपस्थितिलाई गणपूरक संख्या पुगेको मानिने छ । पहिलो पटकको महाधिवेशन वा साधारण सभामा गणपुरक संख्या नपुगेमा पुनः एक पहिना भित्र दोश्रो पटकको लागि बोलाइने महाधिवेशन वा साधारण सभामा कुल प्रतिनिधि संख्याको एक तिहाई सदस्यको उपस्थितिलाई गणपुरक संख्या पुगेको मानिने छ ।

## १२. साधारण सभा :

१.	साधारण सभा प्रत्येक वर्ष गरिने छ ।
२.	साधारण सभामा प्रतिनिधिहरु सचिवालयले तोकेका व्यक्तिहरुलाई आमन्त्रण गरिने छ ।
३.	गणपुरक संख्या भाग ४को १० .२ बमोजिम हुनेछ ।

## १३. कार्य समितिको निर्वाचन :

यस संस्थाको केन्द्रीय कार्य समितिको निर्वाचन प्रत्येक ३ वर्षमा महाधिवेशनबाट गरिनेछ । तत्कालिन रहेका के.का. समितिबाट ५ जनाको एक निर्वाचन मण्डल खडा गरिनेछ । उम्मेदवारी तथा मतदान गर्न संस्थापक सदस्य, र जिल्ला शाखा प्रमुख वा प्रतिनिधिले मात्र पाउने छ ।

**भाग-५**

## १४. समिति :

१)	केन्द्रीय कार्य समिति : महाधिवेशन वा साधारण सभाबाट निर्माण गरिने छ । जस्को प्रक्रिया भाग ४ अनुरुप हुनेछ ।
२)	जिल्ला शाखा कार्य समिति : जिल्ला कार्य समिति प्रत्येक २/२ वर्षमा जिल्लाभेला बोलाई निर्माण गरिनेछ ।
३)	केन्द्रीय कार्य समितिलाई कुनै पनि समिति आवश्यक भएमा निर्माण गर्न सकिनेछ ।
४)	माथि उल्लेखित समितिहरु निर्माण गर्दा भाग ३ को ९.२ को उपधाराहरुलाई समेत प्रयोग गरि सम्पन्न गरिने छ ।

## १४.१ पदाधिकारी :

(क)	केन्द्रीय पदाधिकारीः बढीमा २५ जनाको केन्द्रीय कार्यकारिणी समिति बन्ने छ । जस्मा अध्यक्ष-१, उपाध्यक्ष-१, महासचिव-१, सचिव-१, कोषाध्यक्ष-१ र बाँकी सदस्यहरु रहने छन् ।

अथवा निम्न लिखित पदाधिकारीहरु तथा सदस्यहरु रहनेछन् :

(क)	अध्यक्ष :
(ख)	उपाध्यक्ष : (आवश्यक्ता अनुसार)
(ग)	महासचिव : (केन्द्रीय कार्य समितिमा मात्र)

(घ) सचिव :
(ङ) कोषाध्यक्ष :
(च) सदस्यहरु : (आवश्यकता अनुसार)

## १४.२ पदावधिः

१. केन्द्रीय कार्य समिति -३ वर्ष
२. जिल्ला शाखा कार्य समिति -२ वर्ष

## १५. कार्य समितिको काम, कर्तव्य र अधिकार :

१. कार्यक्रम संचालन, कार्यान्वयन, कार्यालय स्थापना तथा कर्मचारी नियुक्ति गर्ने ,
२. मातहतका समितिहरुलाई नीति निर्देशन दिने, सुपरीवेक्षण गर्ने,
३. संस्थाको उद्देश्य पुरा गर्ने, साथै प्रगतिको लागि प्रचार प्रसार गर्ने,
४. महाधिवेशन, साधारण सभा, भेला, बैठक बोलाउने र सम्पन्न गर्ने,
५. सदस्य संख्या बृद्धि गर्ने, सदस्यको राजीनामा स्वीकृति गर्ने,
६. आवश्यकता अनुसार विभाग, आयोग, शाखा निर्माण गर्ने र तिनको विघटन गर्ने, संस्थाको हित हुने विभिन्न प्रकारको काम कार्य गर्ने ।
७. नियम, उपनियम बनाउने तथा शाखाहरुको स्थापना गर्ने ।
८. प्रतिष्ठित व्यक्तिहरुलाई मानार्थ, आजीवन सदस्यता प्रदान गर्ने ।

## १६. कार्य समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकारः

**(क) अध्यक्ष :**

१. कार्यकारिणी समितिको बैठक वा सम्मेलनको अध्यक्षता गर्ने, बराबर मत भएमा निर्णयक मत दिने,
२. समितिको रेखदेख, नियन्त्रण, आवश्यक निर्देशन तथा नेतृत्व प्रदान गर्ने,
३. महाधिवेशन र कार्यकारिणी समितिको निर्णयहरु कार्यान्वयन गर्ने,
४. समितिका सदस्य वा मातहतका सदस्यले दिएको राजीनामा स्वीकृत गर्ने,
५. संस्थाको हितको लागि अन्य कार्य गर्ने,
६. अन्य सदस्य संस्थाहरुको समन्वय गर्दै रेखदेख गरि कार्यक्रम अगाडि बढाउने,

**ख) उपाध्यक्ष :**

अध्यक्षको अनुपस्थितिमा अध्यक्षको सम्पूर्ण काम कारवाही सञ्चालन गर्ने,

**ग) महा-सचिव** :

क) अध्यक्षसँग परामर्श गरि कार्यकारिणी समितिको बैठक तथा साधारण सभा बोलाउने ।
ख) सम्पूर्ण बैठक संचालन गर्ने, कार्यक्रम तय गर्ने ।
ग) कार्य समितिले वा महाधिवेशनले गरेको निर्णय कार्यान्वयन गर्ने, गराउने ।
घ) शाखा समितिहरुको काम कारवाहीलाई समन्वय गर्ने ।
ङ) कार्यालय सम्बन्धि कार्य गर्ने (केन्द्रीय कार्यालयमा मात्र)

**घ) सचिवः**

१. महासचिवको अनुपस्थितिमा निजले गर्ने सबै काम सचिवले गर्नेछ,
२. कार्यालय सम्बन्धि सम्पूर्ण कार्य गर्ने,
३. अन्य समयमा महा-सचिवलाई सक्रिय सहयोग गर्ने,

**ङ) कोषाध्यक्ष :**

१. संस्थाको हिसाब किताबको श्रेस्ता राख्ने,
२. संस्थाको आय व्ययको विवरण राख्ने,
३. आर्थिक श्रोत जुटाउने

४. वार्षिक आय व्ययको अनुमानित बजेट पेश गर्ने,
५. संघको कोष सम्बन्धि अन्य कार्य गर्ने,
६. बैठकहरुमा प्रगति विवरण पेश गर्ने,

**च) सदस्यहरु :**

१. संस्थाको बैठकमा उपस्थित हुने,
२. संस्थाको बैठकमा प्रस्ताव राख्ने तथा छलफलमा भाग लिने,
३. संस्थाको हित अनुकुल कार्य गर्ने,
४. कार्य समितिले सुम्पेको जिम्मेवारी इमान्दारीका साथ पुरा गर्ने,
५. संस्थाको हितको लागि सम्पर्क, समन्वय, आदि कार्य गर्ने,
६. कार्यक्रम कार्यान्वयन तर्फ सक्रियताका साथ लागि पर्ने,

**छ) आर्थिक अधिकार :**

सबै पदाधिकारीहरुले कार्य समितिले तोके बमोजिम खर्च गर्न पाउने छ। जसको बाँडफाँड कार्य समितिले गर्नेछ।

**भाग -६**

## अर्थ सम्बन्धि व्यवस्था

### १७. आर्थिक व्यवस्था :

संस्थाको छुट्टै एउटा कोष रहनेछ, जसका निम्न बमोजिम आम्दानी बाँधिने छ :

क) सदस्य शुल्क, स्वेच्छाले दिएको दान, चन्दा तथा उपहार आदि,
ख) सरकारी तथा गैर-सरकारी संस्थाद्वारा प्राप्त अनुदान, वैदेशिक सहायता, व्यक्तिगत सहयोग आदि,
ग) संस्थाको चल, अचल सम्पत्तिबाट आम्दानी,
घ) संस्थाले आर्जन गरेको नगद तथा जिन्सी सामान,
ङ) अन्य श्रोतबाट प्राप्त रकम,
च) टेलि चलचित्र बृत्तचित्र आदि।
छ) बैदेशिक सहायता प्राप्त गर्न नेपालसरकारको पूर्व स्वीकृति लिइने छ।

### १९. सम्पत्ति :

संस्थाको नाममा प्राप्त हुन आउने नगदी एवं जिन्सीहरु संस्थाको सम्पत्ति मानिने छ। ति सम्पत्ति साधारण सभाको सहमति विना बेच विखन गर्न पाउने छैन।

### २०. लेखा परिक्षण:

मान्यता प्राप्त लेखा परिक्षकद्वारा लेखा परिक्षण गराई नेपाल सरकारको सम्बन्धित निकायमा प्रतिवेदन पठाइने छ।

**भाग - ७**
**विविध**

### २१. पदपूर्ति :
कार्य समितिको कुनै पनि पदाधिकारीले राजीनामा दिएमा वा मृत्यु भएमा वा निजको विरुद्ध निलम्बन वा बर्खास्तीको कारवाही भै कार्य समितिबाट स्वीकृति भएमा वा पदावधि समाप्त भएमा पदरिक्त भएको मानिने छ । रिक्त भएको पदपूर्ति गर्ने काम कार्य समितिले गर्ने छ ।

### २२. अविश्वासको प्रस्ताव :
कार्य समिति माथि वा कार्य समितिको पदाधिकारी माथि अविश्वासको वातावरण देखिन आएमा वा अविश्वास महशुस भएमा एक महिना भित्र कार्य समितिको बैठक बोलाई सम्पूर्ण सदस्य मध्ये दुई तिहाई सदस्यले अविश्वास ठहर्‍याएमा त्यस्ता व्यक्ति समितिमा रहन सक्तैन । तर आरोपित व्यक्तिलाई सफाइको मौका दिइनेछ ।

### २३. सफाइको व्यवस्था :
अविश्वासको प्रस्तावमा परेको व्यक्तिलाई एकपटक सफाइको मौका दिइने छ । एक पटक पेश गरि अविश्वासको प्रस्ताव पास हुन नसके फेरी सोही व्यक्तिलाई अविश्वासको प्रस्ताव पेश गर्न ६ महिनासम्म समय पाउने छ ।

### २४. स्वतः पदबाट बन्चित हुने अवस्था :
कार्य समितिले सदस्यलाई तीन पटक सम्मको बैठकमा लगातार रुपमा सूचना दिंइदा पनि उपस्थिति नभएमा वा कुनै प्रकारको स्पष्टिकरण नदिएमा पदबाट स्वतः बन्चित हुनेछ ।

### २५. विधान संशोधनः
विधान संशोधन गर्ने अधिकार महाधिवेशनलाई मात्र हुनेछ । जुन धारा ११ को गण पुरक संख्यालाई आधार मानिनेछ ।

### २६. व्याख्या गर्ने अधिकार :
विधान कार्यान्वयन गर्दा कुनै पनि बाधा, अड्चन आएमा विधानको व्याख्या गर्ने अधिकार केन्द्रीय कार्य समितिलाई मात्र हुनेछ । सो व्याख्या नै अन्तिम र मान्य हुनेछ ।

### २७. विशेषाधिकार :
यस विधानमा उल्लेख नभएका सम्पूर्ण कुराहरु संस्था दर्ता ऐन, २०३४ अनुसार हुनेछ ।

### २८. विनियम :
विधानकोधारा उपधाराहरुबाट बाधा अड्चन पर्न आएमा विनियमहरु बनाई लागू गर्न सकिनेछ ।

### २९. प्रारम्भ :
यो विधान संस्था विधिवत दर्ता भएको दिनदेखि लागू हुनेछ ।

### ३०. संस्था विघटन :
संस्था विघटन भएमा संस्थाको चल, अचल सबै जायजेथा नेपाल सरकारको हुनेछ ।

### ३१. स्वतः निष्कृय हुने :
यस विधानमा लेखिएका कुराहरु प्रचलित ऐन कानुनसँग बाझिएको हदसम्म स्वतः निष्कृय वा अमान्य हुनेछ ।

Note - (नेपाल तामाङ राष्ट्रिय महासंघको स्थापना पश्चात् हाल सम्म यो विधान परिवर्तन भएको छैन ।)